# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)
# Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)

## प्रेस विज्ञप्ती

### धितोपत्र व्यवसायीहरुको कर्मचारी सेवा, शर्त तथा सुविधा सम्वन्धमा ।

कतिपय धितोपत्र व्यवसायीहरु (मर्चेन्ट वैंकर तथा धितोपत्र दलालहरु) को कर्मचारी सेवा शर्त विनियमावली नरहेको, कानून सम्मत हिसावले न्यूनतम तलब भत्ता समेत प्रदान नगरेको, कर्मचारीहरुलाई कानून सम्मत रुपमा काममा नलगाएको साथै व्यवसायलाई आवश्यक न्यूनतम योग्यता समेत हासिल नगरेका कर्मचारीहरु रहेको भन्ने गुनासाहरु बोर्डमा प्राप्त भएको साथै बोर्डबाट गरिएको सुपरिवेक्षण तथा व्यवसायीहरुबाट प्राप्त विवरण समेत अध्ययन गर्दा उपर्युक्त अनुसारको केही कैफियत देखिएकोमा उक्त समस्याहरुको निराकरण गरी संस्थाको व्यवस्थापकीय क्षमता सुदृढ गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी वनाउन देहाय अनुसारको व्यवस्था गरी ४५ दिनभित्र बोर्डमा जानकारी गराउन मर्चेन्ट वैंकर तथा धितोपत्र दलालहरुलाई परिपत्र गरिएको छः

क. नेपाल सरकारले हालै तोकेको न्यूनतम पारिश्रमिक सम्वन्धी कानूनी व्यवस्थाको केन्द्रमा रही योग्यता र विशिष्टताको साथै वित्तीय क्षेत्रमा प्रदान गरिएको औषत सेवा सुविधालाई दृष्टिगत गरी प्रचलित कानूनले तोके बमोजिम न्यूनतम पारिश्रमिक तथा वित्तिय क्षेत्रको औसत किसिमको सेवा सुविधा कर्मचारीहरुलाई उपलब्ध गराउन ।

ख. संस्थामा कर्मचारीको रुपमा कार्यरत सवैलाई अनिवार्य रुपमा निजहरुको जिम्मेवारी तथा सेवा शर्त खुल्ने गरी नियुक्ति/करार गर्न ।

ग. कर्मचारी नियुक्ति, योग्यता, जिम्मेवारी, सेवा, शर्त तथा सुविधा सम्वन्धमा कर्मचारी सेवा शर्त विनियमावली तयार गरी लागू गर्न ।

साथै नेपाल सरकारको निर्णयानुसार मिति २०७५ आषाढ ३२ गतेको राजपत्रमा प्रकाशित सूचनामा उल्लेखित व्यवस्था कार्यान्वयन गर्न वोर्डवाट अनुमतिपत्र/दर्ता प्रमाणपत्र प्राप्त निकायहरुलाई उक्त संस्थामा कार्यरत श्रमिक तथा कर्मचारीहरुले पाउने पारिश्रमिक एवम् वित्तीय सुविधा वैंक खाता मार्फत अनिवार्य भुक्तानी कार्यान्वयन गर्ने व्यवस्था मिलाउन परिपत्र गरिएको छ ।

उल्लेखित व्यवस्थावाट धितोपत्र व्यवसायीहरु तथा अन्य सम्वन्धित निकायहरुको संस्थागत क्षमता अभिवृद्धि हुने, लगानीकर्ताले व्यवसायिक सेवा प्राप्त गर्ने तथा उक्त संस्थाहरुको कर्मचारी व्यवस्थापन कार्य थप व्यवस्थित भई वजार विकासमा सकरात्मक प्रभाव पर्ने वोर्डको अपेक्षा रहेको छ ।

मिति: २०७५।०६।१०

(निरज गिरी)
प्रवक्ता

Post Box No.: 9031, Jawalakhel, Lalitpur, Nepal
Phone: 00977-1-5000107, 5000162, 5000201, 5000102, 5541057, Toll Free No.: 1660-01-44433
Fax No.: 5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np